महाकाली नगरपालिका
Mahakali Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
खलंगा, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल
Khalanga, Darchula, Sudurpashchim Province, Nepal

प.सं. २०८२/०८३ च.नं. ९६

मिति २०८२।०९।०२
ने.सं.-११४६ थिंल्लागा १३ बुधबार

विषयः- जग्गा लिजमा लिने सम्बन्धी सूचना ।

उपरोक्त सम्बन्धमा महाकाली नगरपालिका क्षेत्रभित्र शिलवन्दी खानेपानी प्लान्ट स्थापना तथा सञ्चालनको लागि जग्गा आवश्यक पर्ने भएकाले **निजी स्वामित्वमा रहेको जग्गा भाडामा लिनु पर्ने** भएको हुँदा इच्छुक तथा योग्यता पुगेका जग्गाधनीहरूले देहायका शर्तहरू पूरा गरी सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र नगरकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

जग्गा लिज सम्बन्धी शर्तहरु

१. जग्गाको विवरणः
- क) न्यूनतम क्षेत्रफलः २ रोपनी,
- ख) जग्गा अवस्थित स्थानः दार्चुला बैतडी सडकको दायाँ बायाँ सडक संग जोडिएको,
- ग) प्रयोग प्रयोजनः शिलबन्दी खानेपानी प्लान्ट स्थापना तथा सञ्चालन,
- घ) जग्गा अवस्थित भएको क्षेत्रमा १.४० LPS पानी डिस्चार्ज भएको पानीको मूल भएको हुनु पर्ने छ।

२. भाडा अवधिः
- क) प्रारम्भिक अवधिः १५ वर्ष (आवश्यकता अनुसार नवीकरण गर्न सकिने)

३. निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरूः
- क) जग्गाधनीको नागरिकताको प्रतिलिपि,
- ख) जग्गाधनी प्रमाणपत्र (लालपुर्जा) को प्रतिलिपि,
- ग) स्थानीयमा दाखिला गर्नु पर्ने राजश्व दाखिला गरेको प्रमाण पत्रको प्रतिलिपि,
- घ) लिजमा दिनु पर्ने जग्गाका सधीयारहरुको मन्जुरीनामा र स्थानीय वासीन्दाको प्रतिक्रिया,
- ङ) जग्गा लिजमा उपलब्ध गराईने जग्गा निःशुल्क उपलब्ध गराउने स्वघोषणा-पत्र,
- च) अन्य आवश्यक कागजातहरू (यदि भएमा) ।

४. छनोट प्रक्रियाः
- क) प्राप्त निवेदनहरू मध्ये आवश्यक मापदण्ड पूरा गर्ने जग्गाको स्थलगत निरीक्षण गरी उपयुक्त जग्गा नगरपालिकाको घर जग्गा बहाल तथा लिज सम्बन्धी कार्यविधि, २०८२ अनुसार छनोट गरिनेछ।

५. अन्य व्यवस्थाः
- क) नगरपालिकालाई आवश्यक भएमा सूचना संशोधन वा रद्द गर्ने पूर्ण अधिकार सुरक्षित हुनेछ,
- ख) उक्त सूचनाको सम्बन्धमा थप जानकारी आवश्यक भएमा नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ।

(इश्वरी ठगुन्ना)
नि. प्रमुख प्रशासकीय अधिकृत